# लेटाङ नगरपालिकाको पार्श्वचित्र

## ( Letang Municipality Profile)

लेटाङ नगर कार्यपालिकाको कार्यालय

लेटाङ, मोरङ

१ नं. प्रदेश, नेपाल

२०७४

## प्रकाशित कृति

# लेटाङ नगरपालिकाको पार्श्वचित्र २०७४

प्रकाशन वर्ष
२०७४



तथ्याङ्क विश्लेषण तथा सम्पादन
प्रा.डा. सोमप्रसाद खतिवडा
उप प्रा. यज्ञप्रसाद शर्मा
उप प्रा. धर्मराज ढकाल



सर्वाधिकार
© लेटाङ नगर कार्यपालिकाको कार्यालय, लेटाङ मोरङ



www.letangbhogatenimun.gov.np
Email : letangmunicipality@gmail.com




# लेटाङ नगर कार्यपालिका कार्यालय

लेटाङ, मोरङ

२०७४




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# लेटाङ नगर कार्यपालिका कार्यालय

लेटाङ, मोरङ

२०७४

# भूमिका

नेपालको संविधान २०७२ का अनुसार नेपालका नगरपालिका र नगरपालिकाहरू स्थानीय सरकारको मर्यादामा रहेका छन् । यिनीहरूलाई स्थानीय सरकारको मर्यादा दिनुको अर्थ स्थानीय स्तरमा नागरिकलाई सरकारबाट प्रदान गरिने सेवासुविधाहरू स्वायत्त रूपमा प्रवाह गर्नसक्ने बनाउनु हो । नेपालका स्थानीय तहहरू भर्खरै पुनर्संरचित भएका छन् । यससँग सम्बन्धित ऐन, कानुनहरू सबै बनिसकेको अवस्था छैन । यिनीहरू हाल नेपाल सरकारको विशेष निर्देशनबाट सञ्चालित छन् । नयाँ ऐन बनेपछि नयाँ ऐन अन्तर्गत सञ्चालित र निर्देशित हुने व्यवस्था छ ।

सूचनालाई सार्वजनिक वस्तु तथा सम्पत्तिको रुपमा लिन थालिएको वर्तमान परिवेशमा यस नगरपालिकाले आफनो तहको सूचना, तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्न अपरिहार्य ठानेर संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पठाएको सचिवस्तरीय निर्देशन अनुसारमा पार्श्वचित्र तयारी प्रकृया अगाडि बढाइएको हो । यसै क्रममा मन्त्रालयले २०७४ वैशाख २६ गते वस्तुगत विवरणहरूको सूचक सहितको सूची परिपत्र जारी गऱ्यो । त्यस परिपत्रका सूचकहरूलाई समेत समावेश गरी पार्श्वचित्र निर्माण गर्नका लागि श्री कमन इन्टरनेशनल प्रा लि विराटनगरलाई जिम्मेवारी दिइएको हो ।

यस पार्श्वचित्रमा लेटाङ नगरपालिका क्षेत्रमा पर्ने सम्पूर्ण वडाको सूचक अनुसार यथासक्य सम्पूर्ण विवरण समेटिएको छ । यसमा समावेश भएका वस्तुगत विवरण तथा जनसांख्यिक प्रक्षेपणहरूले जनप्रतिनिधिहरूलाई आगामी आर्थिक वर्षका लागि योजना तर्जुमा गर्न पक्कै पनि सघाउ पुग्नेछ भन्ने आशा एवम् विश्वास लिइएको छ ।

पार्श्वचित्रबाट नगरपालिका क्षेत्रमा विकासको कामहरू गर्दा कुन कुन क्षेत्रमा के समस्या र संभावनाहरू के छ छन् भन्ने कुरा थाहा हुन्छ । विभिन्न सरकारी निकाय, विकास साझेदारहरू र जनप्रतिनिधिलाई समेत यो पार्श्वचित्रले आफनो क्षेत्रको समस्या समाधानको लागि पहल गर्न सहयोग पुग्ने विस्वास हामीले लिएका छौ । यो पार्श्वचित्र विकासको काममा सरोकार राख्ने सबैका लागि धेरै हदसम्म उपयोगी बन्ने विश्वास लिएको छु । वास्तवमा यस नगरपालिकाको प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरूको पहिचान गर्दै उक्त क्षेत्रहरूमा लगानी वृद्धि गर्न सक्ने आधार यो पार्श्वचित्रले दिएको छ ।

पार्श्वचित्र तयार गरी यस नगरपालिकाको सार्वजनिक वस्तु तथा सम्पत्ति हामी माझ ल्याउन सफल भएकोमा श्री कमन इन्टरनेशनल मिडिया प्रालि.विराटनगर–१६ लाई विशेष धन्यवाद दिन चाहन्छु । आफ्नो कार्यालयको कामलाई असर नपर्ने गरी अथक परिश्रमका साथ सूचना सङ्कलनको कार्यमा सहयोग गर्ने लेटाङ नगरपालिकाका राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरू, वडा सचिवज्यूहरू र अन्य कर्मचारी साथीहरू सबै धन्यवादका पात्र हुनुहुन्छ । यस नगरपालिका क्षेत्रमा रहेका विद्यालय, स्वास्थ्य संस्था, प्रहरी चौकी लगायत विविध क्षेत्रबाट सूचना उपलब्ध गराई सहयोग गर्नु हुने सम्पूर्ण व्यक्ति र निकायहरूलाई समेत धन्यवाद दिन चाहन्छु । तथ्याङ्क विश्लेषण समूहका सम्पूर्ण विश्लेषकहरू तथा भाषा सम्पादनमा समय र सीप लगाउनु हुने अग्रज पत्रकार यज्ञप्रसाद शर्मालाई पनि धन्यवाद नदिई रहन सकिन्न ।

अन्तमा, यो पार्श्वचित्र लेटाङ नगरपालिकाको स्रोत र साधनले भ्याएसम्म त्रुटिरहित बनाउन प्रयास गरिएको छ । अझै पनि केही कमजोरी भएमा आगामी दिनमा सुधार गर्दै लगिने छ । देखिएका कमजोरीहरू औंल्याई सकारात्मक पृष्ठपोषण दिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछु ।

नारायण न्यौपाने
नि.कार्यकारी अधिकृत/प्रमुख
लेटाङ नगरपालिका, मोरङ

# कृतज्ञता

प्रत्येक गाउँ र नगरको विकासले मुलुकको समग्र विकास संभव छ । नेपालमा २०१३ सालदेखि योजनाबद्ध विकासको थालनी भएको हो । जिल्ला, नगर र गाउँ तहको विकास प्रक्रिया धेरै पछिदेखि मात्र सुरु भएको हो । विगतमा स्थानीय स्वायत्त शासन ऐन २०५५ ले नगरपालिका र गाउँ विकास समितिको वार्षिक तथा आवधिक योजना तर्जुमा सम्बन्धी व्यवस्था गरेको थियो । पछिल्लो पटक नेपाल सरकारले मिति २०७४ बैशाख २६ गते एक निर्देशन जारी गर्दै प्रत्येक नगरपालिका र नगरपालिकाले आफनो कार्यक्षेत्रको विकासका निम्ति वडास्तरीय वस्तुगत विवरण सङ्कलन गरी पार्श्वचित्र बनाउनुपर्ने निर्देशन गरेको छ । ऐननियम र निर्देशनको ठोस कार्यान्वयनको अभावमा कतिपय स्थानीय तहले आवधिक योजना निर्माण गरी सन्तुलित विकास गर्ने प्रयास गर्न सकेका छैनन् । परम्परागत दृष्टिकोणमा विकास भन्नु केवल भौतिक पूर्वाधारमा सकारात्मक परिवर्तन हुनु हो । यस्तो सोचबाट सन्तुलित विकास हुनसक्दैन भन्ने मान्यता आधुनिक दृष्टिकोणको रही आएको छ ।

अचेत विकास प्रक्रियालाई पनि लागत–लाभको दृष्टिकोणबाट अघि बढाउन सकेमा त्यसको प्रतिफल सकारात्मक हुने कुरामा विश्वास गरिन्छ । यसका लागि सम्बन्धित क्षेत्रको बृहत सूचना विश्लेषण हुन जरुरी हुन्छ । सूचना र तथ्यांङ्क विना निर्माण गरिएको योजना र नीतिले न्यायोचित र सन्तुलित विकासगर्न  सकिदैन । स्थानीय तह जनताको घरदैलोमा सेवा प्रवाह गर्ने सरकारको एकाई हो । जग बलियो नबनाई घर मजबुत हुँदैन । स्थानीय तहको साधन, स्रोत र क्षमताको व्यवस्थापनलाई सुदृढ नगरेसम्म प्रान्तीय र केन्द्रीय सरकारले पनि क्षमताअनुसार काम गर्न सक्दैन । अनि नगरपालिकाको विकास कार्यक्रम अनुमान र पहुँचको भरमा सञ्चालन गर्ने परिस्थिति सिर्जना हुनपुग्दछ ।

प्रस्तुत पार्श्वचित्र तयार पार्ने क्रममा यथार्थ र वास्तविक सूचना सङ्कलन हुन सकोस् भन्ने अभिप्रायले राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्क बाहेक अन्य स्रोतबाट उपलब्ध तथ्याङ्कहरू पनि समावेश गरिएको छ । अब यो पार्श्वचित्र तयारीसँगै यस नगरपालिकाको सूचनाको आधारस्तम्भ तयार भएको छ । सूचना सङ्कलन, विश्लेषण र प्रवाहमा एकद्वार प्रणाली विकसित भई नसकेको वर्तमान अवस्थामा कतिपय सूचनाहरू अन्य निकाय वा संस्थाले गरेको विश्लेषणसँग मेल नखाने हुनसक्छ । विभिन्न कठिनाइका बाबजुद पनि लेटाङ नगरपालिकाले पार्श्वचित्र निर्माण गर्ने महत्वपूर्ण कार्य सम्पन्न भएको छ । यो अत्यन्तै प्रशंसनीय काम हो ।

अन्त्यमा, यो पार्श्वचित्र निर्माणका लागि विश्वास गरी जिम्मा दिने लेटाङ नगरपालिकाका निमित्त कार्यकारी अधिकृत श्री नारायण न्यौपाने, वडा सचिवहरू तथा नगरपालिकाबासी सबैलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

केशव सापकोटा
निर्देशक
कमन इन्टरनेशनल मिडिया प्रालि
विराटनगर–१६

# लेटाङ नगरपालिकाको संक्षिप्त परिचय

## १. राजनैतिक तथा प्रशासनिक सिमाना

| | |
|---|---|
| पूर्वतर्फः | मिक्लाजुङ गाउँपालिका |
| पश्चिमतर्फः | केराबारी गाउँपालिका |
| उत्तरतर्फ : | धनकुटा जिल्ला |
| दक्षिणतर्फः | पथरीशनिश्चरे नगरपालिका, बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिका |

## २. राजनैतिक तथा प्रशासनिक विभाजन

| | |
|---|---|
| निर्वाचन क्षेत्र नं.: | (छुट्याउन बाँकी) |
| इलाका नं.: | (छुट्याउन बाँकी) |
| वडाहरू : | नौ वटा |
| जिल्लाः | जिल्ला |
| प्रदेश नं. | एक (१) |

## ३. भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल

| | |
|---|---|
| भौगोलिक अवस्थाः | पहाड र भावर प्रदेशको समतल |
| क्षेत्रफलः | २१९.२३ वर्ग कि.मी. |
| कृषि कर्मी : | ८० प्रतिशत |
| गैरकृषि कर्मीः | २० प्रतिशत |
| समुद्र सतहदेखिको उचाइ | २७६ देखि २४१० मिटर |
| तापक्रम | ४.९ देखि ३६ डिग्री |
| एक दिनमा वर्षा (बढीमा) | ८४ मिलिमिटर |

| **४. जनसंख्या** | **२०६८ साल** | **२०५८ साल** * |
|---|---|---|
| घरपरिवार संख्या : | ७३३९ | |
| कुल जनसंख्याः | ३२०५३ | ३०१४२ |
| पुरुषः | १४३५० | १४३६९ |
| महिलाः | १७७०३ | १५७७४ |
| जनसंख्या वृद्धिदर | ०.६१ प्रतिशत | |
| लैङ्गिक अनुपात | ८१.०६ प्रतिशत | |
| औसत परिवार संख्या | ४.३७ जना | |
| जनघनत्व | १४६ प्रति वर्ग किमि | |
| बालबालिकाको संख्या | १३६६४ जना | |
| बालक | ६७६६ | |
| बालिका | ६८९८ | |

---

* *वि.सं. २०५८ को जन गणनाको तथ्याङ्कको आधारमा ।*

| | |
|---|---|
| आदिवासी जनजाति | २१४५० |
| दलित | २६५८ |
| मधेशी पिछडावर्ग | ३७८ |
| खसआर्य जाति | ७५६७ |
| प्रथम विवाह गर्दाको उमेर | २१.८९ पुरुष |
| प्रथम विवाह गर्दाको उमेर | १८.६८ महिला |

**५.शैक्षिक स्थिति**

| | |
|---|---|
| कुल साक्षरताः | ७७.२२ % |
| पुरुष | ८३.२९ % |
| महिला | ७२.४१ % |
| आदिवासी जनजाति | ७६.१३ % |
| दलित वर्ग | ७१.१० % |
| मधेशी पिछडावर्ग | ८१.७६ % |
| ब्राम्हण क्षेत्री | ८२.१८ % |

**६. विद्यार्थीको भार**

| | |
|---|---|
| बाल विकास केन्द्र पढ्ने बालबलिका | ८% |
| निजी विद्यालय पढ्ने | ३३% |
| सामुदायिक विद्यालय | ५९% |

**७. घरको अवस्था (परिवार)**

| | |
|---|---|
| खरको छाना भएको घर | २८.७ % |
| जस्तापाताले छाएको घर | ६७.६ % |
| छत ढलाइ भएको | २.०५ % |
| शौचालय भएको घरपरिवार | २२१५ परिवार |
| महिलाको नाममा घर भएको | ७९७ परिवार |
| महिलाको नाममा जग्गा भएको | १८७६ परिवार |

# विषयसूची

## खण्ड एक

### पार्श्वचित्र निर्माणको परिचय


| | |
|---|---|
| पृष्ठभूमि | १३ |
| मुख्य उद्देश्यहरू | १४ |
| अध्ययनको महत्व | १५ |
| अध्ययनको औचित्य | १६ |
| अध्ययन विधि | १६ |
| तथ्यांङ्क विश्लेषण र प्रस्तुतीकरण | १७ |
| अध्ययनको क्षेत्र र सीमा | १७ |


## खण्ड दुई

### लेटाङ नगरपालिकाको परिचय


| | |
|---|---|
| भौगोलिक अवस्थिति | १९ |
| हावापानी र तापक्रम | २० |
| नदीनाला | २० |
| वनजंगल र जीवजन्तु | २१ |
| ऐतिहासिक पृष्ठभूमि | २१ |
| राजनैतिक विभाजन | २३ |
| संभावाना, अवसर, चुनौतिहरू | २३ |
| पर्यटकीय क्षेत्र | २४ |
| नगरपालिकाको अन्तर सम्बन्ध | २५ |


## खण्ड तीन

### आधारभूत तथ्याङ्क विश्लेषण


| | |
|---|---|
| व्यक्तिगत विवरण | २६ |
| जनसंख्याको विवरण | २६ |
| विभिन्न वर्षको अनुमानित जनसङ्ख्या | २८ |
| लिंङ्ग अनुसार घरमूली | २८ |
| उमेर समूहको जनसंख्या | ३० |
| उमेर अनुसार वडागत जनसङ्ख्या | ३२ |
| एकल उमेर र लैङ्गिक आधार | ३६ |
| जातिगत जनसंख्या | ३८ |
| जातिगत समुदायको जनसंख्या | ४२ |
| जातिगत समूहको वडागत जनसङ्ख्या | ३७ |
| मातृभाषा अनुसारको जनसंख्या | ४३ |
| धर्मअनुसारको जनसंख्या | ४५ |
| धर्म र जातीयता आधारमा जनसंख्या | ४६ |

परिवारमा सदस्य संख्या ४७
नागरिकता अनुसार जनसंख्याको विवरण ४८
साक्षरताको अवस्था ४९
उमेर र लिङ्ग अनुसार साक्षरता प्रतिशत ४९
जातीय समुदायको साक्षरता ५०
लिङ्ग अनुसार वडागत साक्षरताको अवस्था ५२
उत्तीर्ण गरेको तह ५३
लिङ्ग अनुसार विद्यालय छाड्ने प्रवृत्ति ५४
उमेर अनुसार विद्यालय छाड्ने प्रवृत्ति ५५
विद्यालय जाने उमेरका बालबालिकाको विद्यालय छाड्ने प्रवृत्ति ५६
प्रथम विवाहको औसत उमेर ५८
१० वर्षभन्दामाथिको जनसंख्याको वैवाहिक अवस्था ५८
औसत विवाह उमेर ६९
१८ वर्ष सम्मको विवाहित जनसंख्या ६०
उमेर समूह अनुसार वैवाहिक स्थिति ६१
अपाङ्गताको अवस्था ६२

## खण्ड चार

## घरायसी तथा पारिवारिक विवरण

घरको स्वामित्व अनुसार घरपरिवार ६४
घरको जगको किसिम ६५
घरको बाहिरी गाह्रोको किसिम ६५
घरको छानाको किसिम ६७
साधन सुविधा उपयोग गर्ने घर परिवार ६८
पिउने पानीको मुख्य स्रोत ६९
खाना पकाउने इन्धनको मुख्य स्रोत ७०
बत्तीको मुख्य स्रोत अनुसार घरपरिवार ७१
शौचालयको व्यवस्था ७२
महिलाको नाममा घर जगा भएको घरपरिवार ७३
सहकारी संस्थाहरूको विवरण ७४

## खण्ड पाँच

## बालमैत्री स्थानीय शासन र बाल अधिकार

बाल अधिकार ७७
१.बाँच्न पाउने अधिकार ७८
२. विकासको अधिकार ७८
३. सहभागिताको अधिकार ७८
४. संरक्षणको अधिकार ७८

बालअधिकारका सिद्धान्तहरू ७८
लेटाङको बालबालिकाको जनसङ्ख्या ७९
बाल अधिकारको अवस्था ८०
बाल क्लबहरूको अवस्था ८२
बालविकास केन्द्रको अवस्था ८३
सामुदायिक विद्यालयहरू ८४
निजी विद्यालयहरू ८५
विद्यार्थीको भार र शैक्षिक संस्थाहरू ८६
लेटाङ बहुमुखी क्याम्पस ८७

खण्ड छ

## सामाजिक विकासका क्षेत्रहरू

सामाजिक सुरक्षा भत्ता ८८
व्यक्तिगत घट्ना दर्ता विवरण ८८
विद्यमान स्वास्थ्य सेवाहरू ८९
खोप सेवाको विवरण ९०
पोषणको अवस्था ९१
महिला हिसां ९२
गैरसरकारी संस्थाहरू ९३
कृषक समूहहरू ९३
सरकारी कार्यालयहरू ९४
नगरपालिकाको चलअचल सम्पति ९४
नगरपालिका कार्यालयमा पुग्न लाग्ने समय ९४
पर्यटकीय स्थलहरू ९५
धार्मिक स्थलहरू ९६
चाडपर्व र मेलाहरू ९८
सडक सञ्जाल ९९
सवारी साधनहरू १००
सार्वजनिक शौचालय १०१
प्रकोपबाट भएको क्षति १०१
विपद व्यवस्थापन पूर्व तयारी १०२
विद्युतीकरणको अवस्था १०२
दूर सञ्चार १०२
झोलुङ्गे पुलको अवस्था १०३
व्यापारिक केन्द्रहरू १०४
खेल मैदानहरू १०४
सामुदायिक भवनहरू १०४

| | |
|---|---|
| वडा नागरिक मञ्च | १०५ |
| मुख्य पेशा | १०५ |
| औसत मासिक पारिवारिक आम्दानी | १०६ |
| औसत मासिक पारिवारिक वचत | १०७ |
| प्रति व्यक्ति खाद्यपदार्थ उपलब्धता | १०८ |
| पशुपंक्षी  उत्पादन | १०९ |
| उद्योग तथा व्यापार व्यवसाय | १०९ |
| लेटाङ नगरपालिकाको बजेट | ११२ |
| प्रमुख राजनीतिक दलहरू | ११२ |
| नगरपालिकामा कार्यरत कर्मचारीहरू | ११३ |
| सन्दर्भ सामग्री | ११५ |
| फोटोहरू | ११६ |